# सञ्चय कोष

eNewsletter

। 'सुरक्षित भविष्यको लागि सञ्चय कोष' । वर्ष ४ । अंक १५ । २०७३ श्रावण, भाद्र, आश्विन ।

## कोषको भावी कार्यक्रमबाट आर्थिक विकासमा थप सहयोग

कोषले भविष्यमा संचालन गर्ने निवृत्तिभरण लगायतका सामाजिक सुरक्षा योजना कार्यक्रमको नीति निर्माण तथा संचालन र व्यवस्थापनबाट मुलुकको आर्थिक तथा संरचनात्मक विकासमा सहयोग पुग्ने बताइएको छ ।

कर्मचारी सञ्चय कोष ऐन नवौं संसोधन पश्चात कोषको दायरामा भएको विस्तार र कोषबाट योगदानमुखी निबृत्तिभरण संचालनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को सहयोगमा तयार गरिएको अवधारणा पत्र र यसमा आवश्यक सुधार गर्ने विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले सो कुरा बताएका हुन् । कार्यक्रममा कोषको दायरामा भएको विस्तारबाट कोषले निकट भबिष्यमा संचालन गर्ने योगदानमुखी निबृत्तिभरण, स्वास्थ्य बीमा, स्वरोजगारका लागि सञ्चय कोष, बैदेशिक रोजगारका लागि सञ्चय कोष संचालन गर्न अध्ययन भैरहेको सन्दर्भमा प्रकाश पारिएको थियो । *विस्तृत पृष्ठ ३ मा ।*



कर्मचारी सञ्चय कोषको पछिल्लो विज्ञापन अनुसार सफल हुनभएका नवप्रवेशी कर्मचारीहरुलाई सपथ गराउँदै कोषका प्रशासक कृष्णप्रसाद आचार्य, साथमा मुख्य अधिकृत राजेन्द्र काफ्ले । *समाचार पृष्ठ ४ मा*




## सबैका लागि पर्याप्त सामाजिक सुरक्षा

राष्ट्र सेवामा रहेका राष्ट्र सेवकहरुको आर्थिक भविष्य सुरक्षित बनाउने उद्देश्यले वि.स. २०१९ सालमा स्थापित कर्मचारी सञ्चय कोष ५४ वर्ष पुरा गरी ५५ वर्षमा प्रवेश गरेको छ । राष्ट्रका लागि उर्जावान समय व्यतित गर्दै समग्र सुशासनमा योगदानरत आमराष्ट्रसेवकहरुको अवकाशपछि उनिहरुको जीवनलाई आर्थिक रुपले सवलीकरण गर्न रोजगारीको अवस्थामा नै निश्चित रकम सञ्चय गर्ने परिपाटीको विकसित स्वरुप नै सञ्चय कोष हो । यो प्रणाली राष्ट्र सेवामा रहेका सिमित राष्ट्र सेवकहरुका लागि नेपालमा १९९१ सालदेखि शुरु भए पनि हाल विभिन्न निजी तथा गैरसरकारी संस्थाहरुमा कार्यरत कर्मचारीहरुको समेत कर्मचारी सञ्चय कोषसम्म पहुँच बनेको छ ।

यस अवधिमा सञ्चित पुँजीको उपयुक्त परिचालन गरी बढी भन्दा बढी सुविधा प्रदान गर्दै सञ्चयकर्ताको भरोसा जित्न र सामाजिक सुरक्षा प्रदायक संस्थाको अग्रणी भूमिकाद्वारा अन्तर्राष्ट्रिय स्तरको संस्थाको रुपमा कोषलाई स्थापित गर्ने प्रयास पनि भएको छ । सञ्चयकर्ताका सकारात्मक अपेक्षा पुरा गर्न कोषका विभिन्न आर्थिक र सामाजिक कार्यक्रमहरुले सञ्चयकर्तालाई बचतका लागि उत्प्रेरित गर्दै आएको छ भने सञ्चित कोषको प्रभावकारी परिचालनद्वारा कोषले पनि सकारात्मक परिणाम दिन सकेको छ । साथै, आर्थिक तथा सामाजिक क्षेत्रको राष्ट्रिय उद्देश्य प्राप्त गर्न पूर्वाधार लगायत विकासका अन्य क्षेत्रमा लगानी गरी सहयोग समेत पुऱ्याएको छ ।

यद्यपी, सञ्चयकर्ताको हितलाई सुरक्षित गर्नुपर्ने सर्वाधिक महत्वको दायित्व निर्वाह गर्ने क्रममा सञ्चित पुँजीको परिचालनसँगै थप पुँजी निर्माणको दोहोरो भूमिकालाई समेत कोषले जिम्मेवारपूर्ण ढंगले पुरा गर्दै आएको देखिएको छ । यसक्रममा विद्युतीय प्रणालीमा आधारित सेवाबाट सरल र सुलभ पहुँचको अवस्था, पुँजीको लाभयुक्त संरचनात्मक परिचालन, समसामयिक सामाजिक सुरक्षणका कार्यक्रम, सेवाकालीन सामाजिक आवश्यकताको परिपूर्तीलाई कोषले जोड दिँदै आएको छ । *क्रमशः पृष्ठ ५ मा ।*

### भित्री पृष्ठमा

कोष र कान्तिपुर पब्लिकेसनबीच सम्झौता
संशोधित ऐन कार्यान्वयन कार्यादेश स्वीकृत
कोषद्वारा ५२ जनालाई नयाँ नियुक्ति
कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयकको पूर्ण पाठ

# कोष र कान्तिपुर पब्लिकेसनबीच सम्झौता

कर्मचारी सञ्चय कोष र कान्तिपुर पब्लिकेसनबीच पब्लिकेसनमा कार्यरत कर्मचारीहरुको सञ्चय कोष जम्मा गर्ने सहमतिमा हस्ताक्षर भएको छ । यो सहमतिपछि पब्लिकेसनमा कार्यरत चारसय पचास स्थायी कर्मचारीहरुको कोषमा नियमित सञ्चय कोषकट्टी हुने छ ।

कोषका प्रशासक कृष्णप्रसाद आचार्य र पब्लिकेसनका प्रबन्ध निर्देशक कैलाश सिरोहियाको समुपस्थितिमा कोषका तर्फबाट नायव मुख्य अधिकृत वीरेन्द्रमोहन भट्टराई र पब्लिकेसनका तर्फबाट कम्पनी सचिव धीरज श्रेष्ठले सहमतिमा हस्ताक्षर गर्नु भएको थियो ।

पब्लिकेसनले गत श्रावणदेखिको कोष कट्टी बापतको रकम जम्मा गरी सकेको छ ।

# संशोधित ऐन कार्यान्वयन अध्ययन कार्यादेश स्वीकृत

कर्मचारी सञ्चय कोष ऐन २०१९ नवौं संसोधनमा उल्लेखित योजनाहरु सञ्चालन गर्न कोषले नीतिगत, संरचनागत तथा कार्यगत व्यवस्था गर्ने विषयक अध्ययन कार्यादेश स्वीकृत गरिएको छ ।




ऐनको नवौं संशोधनमा भएका प्रावधानहरुबाट कोषका विद्यमान कार्यक्षेत्रमा स्वरोजगारमा संलग्न व्यक्तिहरु, वैदेशिक रोजगारमा कार्यरत कामदार/कर्मचारीहरुको लागि सञ्चय कोष योजना तथा सामाजिक सुरक्षा अन्तर्गत योगदानमा आधारित निवृत्तिभरण योजना, स्वास्थ्य सुविधा योजना सञ्चालन थप हुने भएपछि सो को सञ्चालनका लागि विस्तृत अध्ययन गर्न कार्यादेश स्वीकृत गरिएको हो ।

२०७३ असोज ९ गते स्वीकृत कार्यादेश अनुसार का.मु. मुख्य अधिकृत राजेन्द्र काफ्लेको संयोजकत्वमा एक कार्यदलको गठन समेत गरिएको छ । कार्यदलमा नायव मुख्य अधिकृत वीरेन्द्रमोहन भट्टराई, नायव मुख्य अधिकृत जीतेन्द्र धिताल, नायव मुख्य अधिकृत ओमकृष्ण श्रेष्ठ, वरिष्ठ प्रबन्धक अर्जुनकुमार गौतम, वरिष्ठ प्रबन्धक जीवनकुमार कट्वाल, वरिष्ठ प्रबन्धक ध्रुव भट्टराई, प्रबन्धक विरेन्द्र पौडेल, प्रबन्धक राकेशलाल श्रेष्ठ सदस्य र प्रबन्धक दामोदरप्रसाद सुवेदी सदस्य सचिव तोकिनु भएको छ । कार्यदलले संसोधित ऐनका प्रावधानहरु लागु गर्ने विषयमा विस्तृत अध्ययन गरी व्यवस्थापन समक्ष प्रतिवेदन पेश गर्ने छ ।

## आन्तरिक नियन्त्रण प्रणाली परीक्षण कार्यादिश स्वीकृत

कर्मचारी सञ्चय कोषको आर्थिक वर्ष २०७३।७४ को वार्षिक तथा विशेष कार्यक्रममा समावेश भएको कोष कट्टी तथा विशेष सापटी खाता सञ्चालनमा रहेको आन्तरिक नियन्त्रण प्रणालीको विशेष परीक्षण गर्ने विषयक कार्यादेश स्वीकृत गरिएको छ ।

सो स्वीकृत कार्यादेश अनुसार कार्य सम्पन्न गर्न २०७३ असोज ७ मा आन्तरिक लेखा परिक्षण विभागका विभागीय प्रमुखको संयोजकत्वमा एक कमिटि पनि गठन गरिएको छ ।

कमिटिमा केन्द्रिय लेखा तथा खर्च विभाग, सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग, सूचना तथा सञ्चार प्रविधि विभागका प्रतिनिधि सदस्य र कार्यटोलीले तोकेको आन्तरिक लेखापरीक्षण विभागको अधिकृत सदस्य सचिव तोकिएको छ ।

# कोषको भावी कार्यक्रमबाट आर्थिक विकासमा सहयोग पुग्ने



कोषले भविष्यमा संचालन गर्ने निवृत्तिभरण लगायतका सामाजिक सुरक्षा योजना कार्यक्रमको नीति निर्माण तथा संचालन र व्यवस्थापनबाट मुलुकको आर्थिक तथा संरचनात्मक विकासमा सहयोग पुग्ने बताइएको छ ।

कर्मचारी सञ्चय कोष ऐन नवौं संसोधन पश्चात कोषको दायरामा भएको विस्तार र कोषबाट योगदानमुखी निबृत्तिभरण संचालनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को सहयोगमा तयार गरिएको अवधारणा पत्र र यसमा आवश्यक सुधार गर्ने विषयक अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले सो कुरा बताएका हुन् ।

कर्मचारी सञ्चय कोष परिसर पुल्चोकमा आयोजित कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल ट्रेड युनियन कांग्रेस, अखिल नेपाल ट्रेड युनियन महासंघ, उद्योग मत्रालय, पञ्जीकरण बिभाग लगायतका प्रतिनिधि सम्मिलित थिए । कार्यक्रममा कर्मचारी सञ्चय कोष ऐन नवौं संसोधन पश्चात कोषको दायरामा भएको विस्तारबाट कोषले निकट भबिष्यमा संचालन गर्ने योगदानमुखी निबृत्तिभरण, स्वास्थ्य बीमा, स्वरोजगारका लागि सञ्चय कोष, बैदेशिक रोजगारका लागि सञ्चय कोष संचालन गर्न अध्ययन भैरहेको सन्दर्भमा प्रकाश पारिएको थियो । कार्यक्रममा कोषका प्रशासक कृष्ण प्रसाद आचार्यले यो अन्तरक्रियाबाट कोषलाई अति नै उपयोगी सुझाव प्राप्त हुने बताउँदै कोषले भविष्यमा संचालन गर्ने निवृत्तिभरण लगायतका सामाजिक सुरक्षा योजना कार्यक्रमको नीति निर्माण तथा संचालन र व्यवस्थापनमा सहयोग पुग्ने बिश्वास व्यक्त गर्नुभयो ।

ट्रेड युनियन प्रतिनिधिहरुले कार्यक्रममा कोषले सामाजिक सुरक्षाको अवधारणा अनुरुप निवृत्तिभरण, स्वास्थ्य बीमा, स्वरोजगारका लागि सञ्चय कोष, बैदेशिक रोजगारका लागि सञ्चय कोष संचालन गर्न लागेको सन्दर्भमा खुशी ब्यक्त गर्दै सामाजिक सुरक्षा कोष र कर्मचारी सञ्चय कोषको कार्यमा दोहोरोपन नहुने गरी कार्य संचालन हुँदा उपयुक्त हुने सुझाव दिनुभयो ।

यस्ता राष्ट्रिय स्तरका योजनाबाट ठूलो धनराशी संकलन हुने भएकोले उक्त पुँजीलाई देशको आर्थिक तथा संरचनात्मक विकासमा परिचालन गर्न सहज हुने प्रतिनिधिहरुको दावी थियो ।

## डिजास्टर रिकभरी साइटको उद्घाटन



कर्मचारी सञ्चय कोषका प्रशासक कृष्णप्रसाद आचार्यद्वारा Disaster Recovery Site (DR) को उद्घाटन गर्नु भयो । सो साइट कोषको ठमेलस्थित सूचना सञ्चार तथा प्रविधि विभागले सञ्चालनमा ल्याएको हो ।

कोषले सञ्चालनमा ल्याएका सेवाहरुलाई महाविपद्को परिस्थितिमा पनि निर्वाध रुपमा सञ्चालनमा ल्याउन तथा जोखिमहरुलाई न्यूनिकरण गरी सेवाहरु पुनः सुचारु गर्न सकियोस् भन्ने उद्देश्यका साथ सो साइट सञ्चालनमा ल्याइएको विभागीय प्रमुख रोचन श्रेष्ठले जानकारी गराउनु भयो ।

मिति २०७३/०७/०३ गते उद्घाटनको अवसरमा कोषका वरिष्ठतम अधिकृतज्यूहरुको उपस्थिति रहेको थियो ।

# कोषद्वारा ५२ जनालाई नियुक्ति वितरण

# कोषको भावी नेतृत्व देखि रहेको छु : प्रशासक आचार्य

कर्मचारी सञ्चय कोषले पछिल्लो खुल्ला विज्ञापन अनुसार सबै प्रकारका परिक्षामा उत्तिर्ण विभिन्न चार समूहका ५२ सफल उम्मेदवारहरुलाई नियुक्ति प्रदान गरिएको छ ।

पुल्चोकस्थित कोषको प्रधान कार्यालयमा कात्तिक २४ गते आयोजित नियुक्ति वितरण कार्यक्रममा नियुक्ति पाउनेहरुमा वरिष्ठ प्रवन्धक चार्टर्डड एकाउण्टेण्ट १, शाखा अधिकृत ७, प्रमुख सहायक ४१ र वरिष्ठ कम्प्युटर सहायक ३ जना रहेका छन । यसरी नियुक्ति पाउने उम्मेदवारहरु २०७२ असार १४ गते प्रकाशित खुला विज्ञापनका प्रत्यासीहरु थिए ।

सफल उम्मेदवारहरुलाई कोषका प्रशासक कृष्णप्रसाद आचार्यद्वारा नियुक्ति पत्र वितरण गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रशासक आचार्यले नियुक्ति पत्र प्राप्त गर्ने उम्मेदवारहरुलाई बधाई दिँदै कोषको भावी नेतृत्वलाई स्वागत गर्न पाउँदा आफुलाई खुशी लागेको बताउनु भयो, उहाँले भन्नु भयो,"आज म तपाईहरुमा कोषको भावी नेतृत्व देखि रहेको छु, जसले कोषको प्रगति र सम्वृद्धिमा ठूलो योगदान पुऱ्याउने छ ।"

नवप्रवेशीहरुले कोषलाई केवल प्लेटफर्मका रुपमा मात्र नलिन आग्रह गर्दै प्रशासक आचार्यले व्यवसायिक वृत्तिविकासको लागि कोषमा पर्याप्त अवसर भएको र यसलाई संस्थाप्रतिको जवाफदेहिताका साथ लाभान्वित हुन सुझाव दिनु भयो । कोषमा कार्यरत कर्मचारीहरुप्रति सेवाग्राहीको खासै गुनासो नरहेको चर्चा गर्दै प्रशासक आचार्यले वर्षौंदेखि बनेको कोषको सकारात्मक छवीलाई अक्षुण्ण राख्न नवप्रवेशीहरुले सतर्कताका साथ जिम्मेवारीलाई वहन गर्नुपर्नेमा जोड दिनु भयो । कोषले मानव संसाधन स्रोतलाई उच्च प्राथमिकतामा राखेर आफ्नो कार्यलाई अगाडि बढाई रहेको सन्दर्भलाई जोडदै प्रशासक आचार्यले कार्यरत कर्मचारीहरुको जस्तासुकै समस्यालाई सम्बोधन र संरक्षण गर्न कोष व्यवस्थापन सक्षम रहेको बताउनु भयो ।

मुख्य अधिकृत राजेन्द्र काफ्लेले नवप्रवेशीहरुबाट उच्चस्तरको आचरण र कार्यसम्पादनको अपेक्षा गर्दै कोष केही वर्षदेखि नयाँ कर्मचारीहरुको छनौटको केन्द्र बन्दै गई रहेको सन्दर्भमा उच्च मनोबलका साथ दिएको जिम्मेवारी पुरा गर्न प्रेरित गर्नु भयो । उहाँले भन्नु भयो,"कोषप्रति तपाईले देखाउने व्यवहार, पुरा गर्ने दायित्व र चुनौतिको सामना गर्ने गुणले तपाईलाई अवश्य पनि व्यवसायिक कर्मचारीको रुपमा स्थापित गर्ने छ ।" मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागका नायव मुख्य अधिकृत ओमकृष्ण श्रेष्ठले कोषको कर्मचारी छनौट प्रणाली पारदर्शी, नियमवद्ध र विश्वसनिय भएको उल्लेख गर्दै नवप्रवेशी कर्मचारीहरुलाई अभिमुखिकरण तालिममा सहभागिताका लागि आग्रह गर्नु भयो ।



**वर्षौंदेखि बनेको कोषको सकारात्मक छवीलाई अक्षुण्ण राख्न नवप्रवेशीहरूले सतर्कताका साथ जिम्मेवारीलाई वहन गर्नेमा म पूर्ण विश्वस्त छु : प्रशासक आचार्य**

राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष रामप्रसाद राईले नवप्रवेशीहरुलाई कोषमा विद्यमान अभिव्यक्ति एवं सांगठनिक स्वतन्त्रताको निर्वाध उपभोग गर्न आग्रह गर्दै कोष र यसका सेवाग्राहीहरुप्रति शिष्ट र मर्यादापूर्ण व्यवहार गर्न अनुरोध गर्नु भयो । सञ्चय कोष कर्मचारी संघका अध्यक्ष धर्मराज मैनालीले ट्रेड युनियन आन्दोलनलाई अगाडि बढाउन, कोषको सम्वृद्धि गर्न र कर्मचारीहरुको नेतृत्व विकासका लागि नयाँ साथीहरुलाई सहयोग गर्न आफुहरु हरहमेसा उपलब्ध रहेको बताउनु भयो ।

नेपाल वित्तिय संस्था कर्मचारी सञ्चय कोषका अध्यक्ष अर्जुनकुमार आचार्यले नयाँ सोच र विचारबाट सुसज्जित नवप्रवेशी साथीहरुको कार्यक्षमताबाट कोष अवश्य पनि लाभान्वित हुने भन्दै कर्मचारीहरुको व्यवसायिक हक र हितका लागि पनि नयाँ कर्मचारीहरुले साथ र सहयोग देखाउने विश्वास व्यक्त गर्नु भयो ।



नवनियुक्त कर्मचारीहरुका तर्फबाट बरिष्ठ प्रवन्धक चार्टर्डड एकाउण्टेण्ट ठाकुरजंग थापाले असल नागरिक र योग्य प्रतिस्पर्धीका रुपमा कोषमा नियुक्ति पाएकोमा सन्तोष व्यक्त गर्दै सबै नवप्रवेशीहरुले आफ्नो व्यक्तिगत र व्यवसायिक जीवनलाई समन्वय गर्दै कार्यसम्पादन गरे दुवै पक्ष समान रुपले लाभान्वित हुने बताउनु भयो ।

# सबैका लागि पर्याप्त सामाजिक सुरक्षा

*पृष्ठ १ बाट क्रमशः*

साथै वित्तीय लाभहरुमा सञ्चयकर्ताहरुलाई संलग्न गराउँदै लैजाने व्यवस्था कोषका उल्लेखनीय उपलब्धिहरु हुन। सञ्चयकर्ताको सिमित योगदानलाई उपयुक्त रुपमा परिचालन गरी सामाजिक सुरक्षाको प्रत्याभूति दिन र कोषको भूमिकालाई अझ सशक्त बनाउन यसको संरचना, कानूनी र व्यवस्थापकीय सुधार चुनौती नै भएको कसैबाट लुकेको विषय होइन।



निश्चय नै, कोषमा विद्यमान र भविष्यमा हुन सक्ने सञ्चित बचतलाई सार्वजनिक तथा निजी साझेदारीका उत्पादनमूलक र राष्ट्रिय गौरवका क्षेत्रमा लगानी गरी राष्ट्रिय आय र रोजगारी अभिवृद्धिसँगै अविरल प्रतिफलको व्यवस्था आजको आवश्यकता हो। कोषलाई व्यवसायिक रुपमा सञ्चालन गर्न र यसको विश्वसनीय सेवाको दायरा विस्तार गर्न पछिल्लो पटक ऐनमा भएको नवौं संशोधन लगायतका प्रयासलाई यसै परिप्रेक्षमा हेरिनु पर्दछ, जसले कोषप्रति विद्यमान राष्ट्रिय आकांक्षालाई सम्बोधन गर्छ भन्नेमा विश्वस्त हुने आधार समेत बनेको छ। यसो भनिरहँदा कोषले विगत ५५ वर्षदेखि वित्तीय परिचालनमा अँगाल्दै आएको मूल्य मान्यता र निर्माण गरेको वित्तीय कार्यकुशलताको संस्कृति भने जोखिममा पर्नुहुँदैन भन्ने कुरा सरोकारवाला सबै पक्षले ख्याल गरिनु पर्ने विषय हो।

यिनै परिप्रेक्ष्यमा कोषले हाल ३० हजार कार्यालयका ५ लाख २५ हजार सञ्चयकर्ताबाट संकलित करिव २ खर्व २५ अर्ब रुपैयाँ परिचालन गर्दै आएको छ। २०७३ असाढ मसान्तसम्म लेखापरीक्षण हुन बाँकी आर्थिक विवरण अनुसार कोषले सो रकम बराबरको स्रोत परिचालन गरेको हो। विवरण अनुसार परिचालन भएको कुल वित्तीय स्रोत मध्ये २ खर्व १९ अर्ब ३४ करोड आयआर्जन हुने विभिन्न क्षेत्रमा लगानी भएको छ भने बाँकी ५ अर्ब ५९ करोड न्यून आय हुने क्षेत्र एवं चालु सम्पत्तिको रुपमा उपयोग भएको छ। कोषले सो अवधिमा ऋण तथा लगानीबाट प्राप्त व्याज तथा लाभांश १५ अर्ब १३ करोड र विविध आम्दानी २० करोड सहित कुल १५ अर्ब ३३ करोड रुपैयाँ आम्दानी गरेको छ भने, सो रकमबाट सञ्चयकर्तालाई प्रदान गरिएको व्याज तथा अन्य व्यवस्थापन खर्च कटाई १ अर्ब ४५ करोड रुपैयाँ खुद बचत पनि गरेको छ।

राष्ट्रिय गौरवको परियोजना निर्माणको एक हिस्सा बन्दै गएको कोषले पछिल्लो वर्षमा निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत परियोजनाका लागि हालसम्म १० अर्ब ६ करोड ९१ लाख कर्जा प्रवाह गरी सकेको छ भने चिलिमे जलविद्युत कम्पनीद्वारा प्रवर्द्धित २७२ मेगावाट क्षमताका निर्माणाधीन ४ जलविद्युत आयोजनाहरुका हालसम्म २ अर्ब ५७ करोड ४ लाख कर्जा प्रवाह गरेको छ। त्यसैगरी नेपालको पर्यटन विकासमा अग्रणी भूमिकाद्वारा सहयोग गर्दै आएको नेपाल वायु सेवा निगमलाई जहाज खरिद गर्न ९ अर्ब ६१ करोड ५८ लाख रुपैयाँ कर्जा प्रवाह गरेको छ, भने हालै मात्र निगमलाई दुई वाइड बडी जहाज खरिद गर्न २५ अर्ब रुपैयाँ लगानी गर्ने भएको छ। त्यस्तै कोषले पूर्वाधार विकासका क्षेत्रमा योगदान गर्ने उद्देश्यले निजी क्षेत्रवाट प्रर्वद्धित जलविद्युत आयोजनामा समेत लगानी गर्दै जाने नीति अनुरुप सहवित्तीयकरण कर्जामा सहभागिता जनाएपछि यस्ता आयोजनाहरुको विकास र प्रवर्द्धनमा समेत सकारात्मक प्रभाव पर्ने बुझिएको छ।

योगदानमा आधारित निवृत्तिभरण योजना, बैदेशिक रोजगारीमा रहेका नेपाली कर्मचारी/कामदारको सञ्चय कोष योजना, योगदानमा आधारित स्वास्थ सुविधा योजना र असंगठित तथा स्वरोजगारमा रहेका कामदार तथा कर्मचारीको लागि सञ्चय कोष योजना सञ्चालन गर्ने कार्यक्रम सहित अन्तर्राष्ट्रिय स्तरको सामाजिक सुविधा प्रदायक संस्थाको रुपमा स्थापित हुने कोषको भावी योजना हो।

> देशको सामाजिक एवम् आर्थिक समावेशीकरणको माध्यमबाट गरिबी निवारणको आधार विकास गर्ने तथा सामाजिक न्याय एवं स्थायित्व कायम गर्ने लक्ष्य प्राप्तिका लागि सामाजिक सुरक्षा अनिवार्य शर्त पनि हो।

यो योजनाका लागि दीर्घकालीन वित्तीय स्रोतलाई पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदान गर्ने कोषले प्रतिवद्धता देखाएको छ।

कोषको यो प्रतिवद्धताको पनि केही निश्चित आधार रहेका छन। जसलाई अंकमा निम्न अनुसार व्यक्त गर्न सकिन्छ : २१,७७५.४१ करोड रुपैयाँ सञ्चय कोष, ४७०.९५ करोड रुपैयाँ जगेडा कोष र अन्य दायित्व तथा व्यवस्थाका लागि २४७.९० करोड रुपैयाँ परिचालनसंगै वाणिज्य बैंकहरुमा मुद्दति निक्षेप ५,९६५ परियोजना कर्जा २४१४.९६ सरकारी ऋणपत्र तथा वचतपत्र १,५४६.५२, सञ्चयकर्ता सापटी ११,६६७.२९, शेयर लगानी २२२.०५, भवन आवास र स्थायी सम्पत्ति ११९, अन्य सम्पत्ति ५५९.१९ र अनुमानित वचत १४५.०७ करोड रुपैयाँ लगानी संरचना रहेको छ। तसर्थ, समयअनुसार यसमा आउने परिवर्तनले कोषको प्रतिवद्धतालाई अवश्य पनि सघाउने विश्वास गर्न सकिन्छ।

कानूनी संरचना, नियमित स्रोत संकलन, भौतिक पूर्वाधार, अनुभवी र दक्ष कर्मचारीहरुको संयोजन कोषका सबल पक्ष हुन्। बजारमा समान उद्देश्य सहितका संस्थागत उपस्थिति, संस्थागत प्रतिष्पर्धा, सामाजिक सुरक्षाको क्षेत्रमा बढ्दो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो कोषका लागि चुनौतिका रुपमा रहेका छन। असिमित स्रोतको परिचालन, सञ्चयकर्तालाई घरघरमा सेवा, सार्वजनिक र नीजीक्षेत्रको परियोजनामा लगानी र सामाजिक सुरक्षाका नविनतम कार्यक्रमहरुको तर्जुमा एवं कार्यान्वयन कोषका लागि अवसर हुन। नियन्त्रण गर्न नसकिने अवस्था, बजारको अनिश्चितता, अनियमित ऋणीहरु, नीतिगत दवाव लगायतका विषय कोषका जोखिम पक्षहरु हुन। संस्थाका सवल दुर्वल पक्ष, अवसर र चुनौति, जोखिम र सहजताको उचित संयोजनसहित व्यवस्थापनमा समयानुकुल सुधार गर्दै कोषमा संकलित स्रोतको विश्वसनिय परिचालनबाट सञ्चयकर्ता मात्र नभई समग्र राष्ट्रिय पक्ष लाभान्वित हुन सकेमा कोषको सान्दर्भिकतालाई कसैले इन्कार गर्न सक्दैन।

पहिचान गरिएका चुनौतिका बावजुद नेपालको संविधानले प्रत्याभूत गरेको रोजगार तथा सामाजिक सुरक्षाको हक अन्तर्गत निजी क्षेत्रका कर्मचारी/कामदार तथा स्वरोजगारमा रहेका व्यक्तिलाई समेत सामाजिक सुरक्षाको सञ्जालमा ल्याई सामाजिक सुरक्षा प्रदान गर्न कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा भएको संशोधनले निवृत्तिभरण योजना, स्वास्थ्य बीमा योजना सञ्चालन गर्ने लक्ष्य पुरा गर्न कोषलाई प्रेरित गरेको छ। यसबाट सामाजिक सुरक्षाबाट बञ्चित मुलुकका तमाम कामदार तथा अन्य कर्मचारीहरु समेत कोष प्रदत्त सामाजिक सुरक्षाको दायरामा समेटिन सक्ने वातावरण बन्दै गएको मान्न सकिन्छ।

सामाजिक सुरक्षाको सुनिश्चितता जनताको आधारभूत मानव अधिकार र राज्यको जनताप्रतिको दायित्व हो। देशको सामाजिक एवम् आर्थिक समावेशीकरणको माध्यमबाट गरिबी निवारणको आधार विकास गर्ने तथा सामाजिक न्याय एवं स्थायित्व कायम गर्ने लक्ष्य प्राप्तिका लागि सामाजिक सुरक्षा अनिवार्य शर्त पनि हो। यसै परिप्रेक्षमा सन् २०२२ सम्म नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रुपान्तरण गरी समृद्ध राष्ट्र बनाउने दीर्घकालीन सोच अनुरुप "सबैका लागि पर्याप्त सामाजिक सुरक्षा"को लक्ष्य पुरा गर्न सामाजिक सुरक्षा योजनाको विकास र कार्यक्रम कार्यान्वयन गर्न कोषलाई प्राप्त जिम्मेवारीबाट अवश्य पनि सफलता मिल्ने छ भन्नेमा हामी सवै विश्वस्त नहुने आधार पनि छैन।

समाप्त

# कार्यदल गठन

कर्मचारी सञ्चय कोषको धनुकुटा शाखा कार्यालयबाट घर सापटी कार्यक्रम २०५७ र शैक्षिक सापटी २०५८ लागु गर्ने सम्बन्धमा धनकुटा शाखा कार्यालय प्रमुखको संयोजकत्वमा एक कार्यदलको गठन गरिएको छ ।

२०७३ भाद्र ५ मा गठित कार्यदलमा सञ्चयकर्ता कर्जा तथा असुली विभागका अधिकृत, परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभागका अधिकृत र केन्द्रिय लेखा तथा खर्च विभागका अधिकृत सदस्य तोकिनु भएको छ ।

कार्यदलले सञ्चयकर्ताहरुको आवश्यकतालाई दृष्टिगत गरी उल्लेखित सापटीहरुको सम्बन्धमा पूर्व सम्भाव्यता अध्ययन गरी कोष व्यवस्थापन समक्ष प्रतिवेदन पेश गर्ने छ ।

हाल घर सापटी कार्यक्रम २०५७ र शैक्षिक सापटी २०५८ धनकुटा बाहेक अन्य सात शाखा कार्यालयहरुबाट नियमित प्रवाह भई रहेको छ ।

# आईटी म्यानेजमेन्ट कमिटि गठन

कर्मचारी सञ्चय कोषले हाल लागु गरेको आईटी पोलिसी २०७२ मा आईटी गवर्नेन्स पोलिसी अन्तर्गत मुख्य अधिकृत (संस्थागत व्यवस्थापन) को संयोजकत्वमा आईटी म्यानेजमेन्ट कमिटि गठन गरिएको छ ।

२०७३ कात्तिक ५ मा गठित कमिटिले व्यवस्थापनमा भइरहेको सूचना प्रविधिको उपयोग, समसामयिक सुधार लगायत भविष्यमा प्रभावकारी सेवा तथा सुविधा प्रवाह गर्न अवलम्बन गर्नु पर्ने सूचना प्रविधिको कार्यक्रमहरुबारे अध्ययन गरी व्यवस्थापन समक्ष प्रतिवेदन पेश गर्ने छ ।

कमिटिमा विभागीय प्रमुख सूचना तथा सञ्चार प्रविधि विभाग, विभागीय प्रमुख सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग, विभागीय प्रमुख सञ्चयकर्ता कर्जा तथा असुली विभाग, विभागीय प्रमुख परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग, विभागीय प्रमुख मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग सदस्य र सूचना तथा सञ्चार प्रविधि विभागले तोकेको बरिष्ठ प्रवन्धक सदस्य सचिव तोकिनु भएको छ ।

# कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना :

कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कर्मचारी सञ्चय कोष (नवौं संशोधन) ऐन २०७३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. कर्मचारी सञ्चय कोष ऐन, २०१९ को प्रस्तावनामा संशोधन : कर्मचारी सञ्चय कोष ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "र अन्य कर्मचारीहरुको निमित्त सञ्चय कोषको" भन्ने शब्दहरुको सट्टा, "अन्य कर्मचारीहरु र स्वरोजगारमा संलग्न व्यक्तिहरुको निमित्त सञ्चय कोष, निवृत्तिभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषको " भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) "स्वरोजगारमा संलग्न व्यक्ति" भन्नाले निजी रुपमा सञ्चालित व्यवसाय वा रोजगारीबाट आय आर्जन गर्ने इन्जिनियर, चिकित्सक, कानून व्यवसायी, लेखापरीक्षक लगायतका पेशा व्यवसाय गर्ने व्यक्ति वा निजसँग सम्बद्ध कर्मचारी सम्झनु पर्छ र सो शब्दले वैदेशिक रोजगारमा संलग्न व्यक्ति, अस्थायी वा सेवा करारमा कार्यरत व्यक्ति, घरेलु कामदार, कृषक, असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक, चिया बगानका श्रमिक तथा सहकारी संघ संस्थामा कार्यरत कर्मचारी समेतलाई जनाउँछ ।"

४. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को,-

(१) उपदफा (४) मा रहेका "नामसारी गर्न" भन्ने शब्दहरु पछि ",बिक्री तथा सट्टापट्टा गर्न" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (५) मा रहेको "काठमाडौंमा" भन्ने शब्दको सट्टा "काठमाडौं उपत्यकाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ मा रहेका "नेपाल सरकारको अर्थ मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "अर्थ मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल ऐनमा दफा ११क. थप : मूल ऐनको दफा ११ पछि देहायको दफा ११क. थपिएको छ :-

"११क. कोषको अनुगमन तथा निरीक्षण : (१) अर्थ मन्त्रालयले आवश्यकता अनुसार कोषको काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था अर्थ मन्त्रालयले तोके बमोजिम हुनेछ ।"

७. मूल ऐनको दफा १२ख. मा संशोधन : मूल ऐनको दफा १२ख. को उपदफा (१) मा रहेका "दश वा दश भन्दा बढी कर्मचारी काम गर्ने संस्थाले" भन्ने शब्दहरुको सट्टा "सङ्गठित संस्थाले" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल ऐनमा दफा १२ग. थप : मूल ऐनको दफा १२ख. पछि देहायको दफा १२ग. थपिएको छ :-

"१२ग. स्वरोजगारमा संलग्न व्यक्तिले कोषमा रकम जम्मा गर्न सक्ने : (१) स्वरोजगारमा संलग्न व्यक्तिले तोकिए बमोजिमको रकम कोषमा जम्मा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा रहेको रकमको सङ्कलन तथा भुक्तानी सम्बन्धी प्रक्रिया र कोषबाट पाउने सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

९. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) दफा १२, १२ख. र १२ग. बमोजिम कोषमा रूपैयाँ जम्मा हुन आएपछि प्रत्येक कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको नामबाट जम्मा हुन आएको रकम सो कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको नामको खातामा जम्मा गरिनेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वरोजगारमा संलग्न व्यक्तिको हकमा तत्सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

(३) उपदफा (३) मा रहेको "कर्मचारीलाई" भन्ने शब्दको सट्टा "कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिलाई" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को खण्ड (ञ) झिकिएको छ ।

११. मूल ऐनमा दफा १८क. थप : मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. थपिएको छ :-

"१८क. कोषलाई छुट र सुविधा : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषलाई देहायको छुट र सुविधा प्राप्त हुनेछ :-

(क) कोषले दिने कर्जा वा पुन:कर्जाको लिखत रजिष्ट्रेशनमा रजिष्ट्रेशन दस्तूर नलाग्ने ।

(ख) कोषसँग गरिने कुनै किसिमको कारोबारको लिखतमा कोषलाई आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर नलाग्ने ।"

१२. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छ :-

"१९. कोषको अधिकार : कोषलाई आफ्नो मौज्दात र सम्पत्तिको परिचालन तथा सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने सम्बन्धमा देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) नेपाल सरकार वा नेपाल सरकारबाट स्वीकृति प्राप्त विदेशी वा स्वदेशी संस्थाको ऋण पत्रमा लगानी गर्ने,

(ख) प्रचलित कानून बमोजिम स्थापित बैङ्कहरुको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) मुद्दती डिपोजिटमा लगानी गर्ने,

(ग) कोषले उपयुक्त ठहऱ्याएको प्रचलित कानून बमोजिम स्थापित वित्तीय संस्थाहरूको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) मुद्दती डिपोजिटमा उपयुक्त बैङ्क जमानत लिई लगानी गर्ने,

(घ) नेपाल सरकारको जमानतमा कोषले तोकेको शर्त र ब्याजमा कुनै उद्योग धन्दा वा सङ्गठित संस्थालाई ऋण दिने,

(ङ) बैङ्क तथा वित्तीय संस्थाको शेयरमा लगानी गर्ने,

तर त्यसरी शेयरमा लगानी गर्दा त्यस्तो बैङ्क वा वित्तीय संस्थाको निष्काशित पूँजीको पच्चीस प्रतिशतमा नबढ्ने गरी लगानी गर्नु पर्नेछ ।

(च) कोषले उपयुक्त ठहऱ्याएको क्षेत्रमा प्रचलित कानून बमोजिम स्थापित बैङ्क वा वित्तीय संस्थाहरुसँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारिपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने,

(छ) कोषले उपयुक्त ठहऱ्याएको प्रचलित कानून बमोजिम संस्थापित कम्पनी वा सङ्गठित संस्थाले जारी गरेको डिबेन्चरमा लगानी गर्ने,

तर त्यसरी डिबेन्चरमा लगानी गर्दा त्यस्तो कम्पनी वा सङ्गठित संस्थाले जारी गरेको कुल डिबेन्चरको पच्चीस प्रतिशतमा नबढ्ने गरी लगानी गर्नु पर्नेछ ।

(ज) कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा

रहेको कुनै निकायद्वारा प्रवर्द्धित ऊर्जा उत्पादन र प्रशारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा शेयर लगानी गर्न सक्ने ।

(झ) कोषले आफै वा अरु संस्थासँग मिली कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिहरुको सहभागितामा सामूहिक लगानी योजना (म्युच्यल फण्ड) सञ्चालन गर्न कम्पनी वा संस्थाको स्थापना गर्ने,

(ञ) कोषले कर्मचारी वा स्वरोजगारमा संलग्न व्यक्तिको सहभागितामा सामूहिक लगानी योजना (म्युच्यल फण्ड) सञ्चालन गर्ने,

(ट) कोषले आफैं वा अरु संस्थाहरुसँग मिली आवास परियोजनाहरु सञ्चालन गरी घर घडेरी सोझै वा किस्तावन्दीमा सञ्चयकर्तालाई बिक्री वितरण गर्ने वा बहालमा दिने,

(ठ) कोषले आफै वा अरु संस्थाहरुसँग मिली विश्वविद्यालय, शिक्षण अस्पताल, मेडिकल कलेज लगायत शैक्षिक क्षेत्र, औषधी उत्पादन, ऊर्जा उत्पादन, पर्यटन, कृषि विकासमा सम्भाव्यता अध्ययन गरी लगानी गर्न सक्ने,

(ड) कोषको स्वामित्वमा रहेका घर घडेरी बिक्री वितरण गर्ने वा आवास परियोजना सञ्चालन गर्न कम्पनी वा संस्थाको स्थापना र सञ्चालन गर्ने,

(ढ) कोषको स्वामित्वमा रहेको जग्गामा भवनहरु निर्माण गरी बहालमा दिने,

(ण) प्रचलित कानून बमोजिम स्थापित बैङ्क वा वित्तीय संस्थाको जमानतमा शर्त र ब्याज तोकी प्रचलित कानून बमोजिम संस्थापित कम्पनी वा सङ्गठित संस्थालाई ऋण दिने,

(त) कोषले उपयुक्त ठहऱ्याएको क्षेत्रमा पर्याप्त धितो वा जमानत लिई लगानी गर्ने,

(थ) कोषको ऋण बाँकीमा कुनै संस्थाको जायजेथा कोषलाई प्राप्त भएमा सो जायजेथाको सदुपयोग गर्न कोष आफैले वा अरु कुनै संस्थासँग मिली सो संस्थाको सञ्चालन गर्ने वा नयाँ संस्था संस्थापना गर्ने,

(द) निवृत्तिभरण, स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाको तोकिएको क्षेत्रमा कोष आफैले वा अन्य कुनै संस्थासँगको सहकार्यमा निवृत्तिभरण कोष, स्वास्थ्य बीमा, सामाजिक सुरक्षा कोष स्थापना गरी सञ्चालन गर्ने,

(ध) कुनै व्यक्ति वा संस्थाले कोषबाट लिएको सापटी वा ऋण भाखाभित्र नबुझाएमा वा कोषले धितो वा जमानतमा कुनै लगानी गरेकोमा ऐन बमोजिम साँवा ब्याज असुली गर्ने र कोषमा रहेको सम्बन्धित व्यक्तिको सञ्चित रकम वा धितो सुरक्षणबाट असुली हुन नसकेमा त्यस्तो व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको अन्य चल अचल सम्पत्तिबाट असुली गर्ने,

(न) समितिले तोकेको शर्तमा कर्मचारी वा स्वरोजगारमा संलग्न व्यक्तिलाई सापटी दिने,

(प) कोषको सुरक्षालाई ध्यानमा राखी नेपाल सरकारको स्वीकृति लिई कर्मचारीको हितको कुनै काम गर्ने,

(फ) कोषले कर्मचारी तथा स्वरोजगारमा संलग्न व्यक्तिको अधिकतम लाभ तथा हित अभिवृद्धि हुने गरी समाजिक सुरक्षा वा कल्याणकारी कार्य गर्ने,

(ब) यस ऐन अन्तर्गत गर्नु पर्ने काम गर्दा परि आएको अरु सबै काम गर्ने ।”

१३. <u>मूल ऐनमा दफा १९क. थप</u> : मूल ऐनको दफा १९ पछि देहायको दफा १९क. थपिएको छ :-

“१९क. <u>असूल उपर गर्ने</u> : (१) सञ्चयकर्ताको मासिक पारिश्रमिक रकमबाट कोषमा जम्मा गर्ने प्रयोजनको लागि कट्टा गरेको रकम र सो रकममा प्रचलित कानून बमोजिम थप हुने रकम समेत कोषमा जम्मा गरि दिनु पर्ने जिम्मेवारी रहेको कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कोषमा रकम जम्मा गर्न नपठाएको पाइएमा त्यस्तो कर्मचारीबाट कोषले सञ्चयकर्ताको कोषमा जम्मा हुनु पर्ने रकम र सो रकममा कोषबाट पाउने ब्याज समेतको हिसाब गरी हुन आउने एकमुष्ट रकम सम्बन्धित सञ्चयकर्ताको कोषको खातामा जम्मा गर्न कोषले अवधि तोकी सम्बन्धित कर्मचारीलाई आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र सम्बन्धित कर्मचारीले सञ्चयकर्ताको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र सञ्चयकर्ताको रकम कोषमा जम्मा नगरेमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषले त्यस्तो कर्मचारीको नाममा रहेको कोषको खाताको रकमबाट असूल उपर गरी सञ्चयकर्ताको खातामा जम्मा गरिदिनेछ ।

(४) उपदफा (३) बमोजिम असूल गर्दा सञ्चयकर्ताको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा कोषले त्यस्तो कर्मचारीको अन्य चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुल उपर गरी सञ्चयकर्ताको खातामा जम्मा गरिदिनेछ ।”

१४. <u>मूल ऐनको दफा २० मा संशोधन</u> : मूल ऐनको दफा २० को खण्ड (ग) झिकिएको छ ।

१५. मूल ऐनमा दफा २३क. थप : मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छ :-

"२३क. लेखापरीक्षण समिति : (१) आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कोषमा एक लेखापरीक्षण समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।"

१६. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन् :-

"(४) सञ्चयकर्ताको रकम कोषमा जम्मा गर्नु पर्ने जिम्मेवारी रहेको कर्मचारीले त्यस्तो रकम कोषमा जम्मा नगरेको पाइएमा त्यस्तो कर्मचारीलाई सञ्चयकर्ताको कोषमा जम्मा हुनुपर्ने रकम र सो रकममा कोषबाट पाउने ब्याज समेतको हिसाब गरी हुन आउने एकमुष्ट रकम बराबरको रकम जरिबाना हुनेछ ।

(५) कोषले सञ्चयकर्ताको रकम कोषमा जम्मा नगर्ने कर्मचारीलाई उपदफा (४) मा उल्लिखित जरिबानाका अतिरिक्त प्रचलित कानून बमोजिम विभागीय कारबाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउनेछ ।"

१७. मूल ऐनमा दफा २९क. थप : मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छ :-

"२९क. कालो सूचीमा राख्ने सम्बन्धी व्यवस्था : (१) कोषसँग कुनै ठेक्का लिएको वा कुनै पनि किसिमको ठेक्कापट्टामा हिस्सेदार भएको वा कोषले लगानी गरेको वा कोषबाट ऋण लिएको कुनै व्यक्ति वा सङ्गठित संस्थाले कोषलाई कुनै हानि नोक्सानी पुऱ्याएमा वा कोषलाई तिर्न बुझाउन पर्ने बाँकी नबुझाएमा त्यस्तो व्यक्ति वा संस्थालाई कोषले प्रचलित कानून बमोजिम कालो सूचीमा राख्नको लागि अधिकार प्राप्त निकायसमक्ष लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो व्यक्ति वा सङ्गठित संस्थालाई कालो सूचीमा राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कालो सूचीमा राखिएको व्यक्ति वा संस्थालाई कोषले सो कालो सूचीबाट हटेको दुई वर्षसम्म कुनै ऋण दिने, ठेक्कापट्टा दिने वा हिस्सेदार बनाउने वा कुनै किसिमको लगानी गर्ने छैन ।" ●

# सुरक्षित भविष्यको लागि सञ्चय कोष

**कर्मचारी सञ्चयकोष स्थापनाको ५५ औं वर्ष प्रवेशको अवसरमा सदाझैं समस्त सञ्चयकर्ताको सन्तुष्टिप्रति दृढ रहने संकल्प सहित कोषले प्रदान गर्ने सेवा र सुविधालाई प्रभावकारी बनाउने प्रण गर्दछौं ।**



१. **सञ्चयकर्ता संख्याः** करिब ५ लाख २५ हजार
२. **कोषकट्टी गरी पठाउने कार्यालय संख्याः** करिब ३०,०००
३. **कोषका कार्यालयहरुः**

**केन्द्रीय कार्यालयः** पुल्चोक, ललितपुर
**ठमेल कार्यालय** (Operation Office) : (सञ्चय कोषकट्टी रकमको लेखांकन र सञ्चयकर्ता सापटी र कर्जा प्रदान हुने कार्यालय)
**शाखा कार्यालयहरु** : धनकुटा, विराटनगर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी
**सेवा केन्द्रहरु** : सिंहदरवार परिसर (काठमाडौं) र केन्द्रीय कार्यालय परिसर (पुल्चोक, ललितपुर) ।

४. **कोषको प्रतिबद्धता :**

- कोषको दीर्घकालीन वित्तीय स्रोतलाई पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदानगर्ने,
- प्रभावकारी स्रोत व्यवस्थापन र मितव्ययी कार्य सञ्चालनको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदानगर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित गुणस्तरीय सेवाको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदानगर्ने,
- सामाजिक सुरक्षा कार्यक्रम र दायरा विस्तारको माध्यमबाट सामाजिक सुरक्षाको क्षेत्रमाकोषको पहुँच र योगदानमा विस्तार गर्ने,
- दक्ष एवं उच्च मनोवलयुक्त कर्मचारीहरुको सहकार्य र सामूहिक प्रयासको माध्यमबाट कोषलाई उत्कृष्ठ सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने ।

५. **कोषको भावी कार्यक्रम :**

- योगदानमा आधारित निवृतिभरण योजना,
- बैदेशिक रोजगारीमा रहेका नेपाली कर्मचारी/कामदारको सञ्चय कोष योजना,
- योगदानमा आधारित स्वास्थ्य सुविधा योजना,
- असंगठित तथा स्वरोजगारमा रहेका कामदार तथा कर्मचारीको लागि सञ्चय कोष योजना ।

## कोषको दुरदृष्टि
(VISION)

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भुमिकाद्वारा कोषलाई अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

## दीर्घकालीन लक्ष
(MISSION)

प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

•

नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रूपमा परिचित तुल्याउने ।

•

सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार *(A happy big family of satisfied members)* बनाउने ।

•

कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

## व्यवस्थापकीय मूल्य मान्यता
(CORE VALUES)

- निष्पक्षता र तटस्थता • (Fairness and Neutrality)
- जवाफदेहिता र पारदर्शिता • (Accountability and Transparency)
- सेवाको गुणस्तरमा निरन्तर सुधार • (Continuous Improvement in Quality Service)
- कार्यदक्षता र प्रभावकारिता • (Efficiency and Effectiveness)
- नतिजा उन्मुख • (Result Orientation)
- सहकार्य र सहभागिता • (Team Work and Participation)

### ई-न्युज लेटर एवं ई-लाइब्रेरीलाई सामाग्री उपलब्ध गराई दिने सम्बन्धी सूचना

मिति २०७३ जेठ १८ मा जारी भएको परिपत्र एवं योजना, अनुगमन तथा मुल्यांकन विभागलाई सूचना केन्द्रका रुपमा विकास गराउने भन्ने व्यवस्थापकिय चाहना अनुरुप संस्थागत गतिविधि, विभागीय सेवा, सुविधा, प्रगति, छलफल, संवाद, तालिम एवं अन्य प्रकाशनयोग्य तथ्यांक, कार्यपत्र, प्रतिवेदन जस्ता सामग्री यस विभागमा उपलब्ध गराई प्रकाशन एवं पुस्तकालयको भण्डारणमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

कर्मचारी सञ्चय कोष,
योजना, अनुगमन तथा मुल्यांकन विभाग, पुल्चोक, ललितपुर ।
email : planning@epfnepal.com.np

## सम्पादन समूह

संयोजक
विभागीय प्रमुख श्री लक्ष्मीप्रसाद श्रेष्ठ

सदस्य
विभागीय प्रमुख श्री रोचन श्रेष्ठ

सदस्य
बरिष्ठ प्रबन्धक श्री जीवनकुमार कट्वाल

सदस्य
बरिष्ठ प्रबन्धक श्री हेमन्तराज अधिकारी

सदस्य-सचिव
शाखा अधिकृत श्री ओजस्वी गौतम

विशेष सहयोग
शाखा अधिकृत श्री राजेन्द्र विक्रम के सी

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५०१०१८०
website : www.epfnepal.com.np